# प्रदेश सभा

# गण्डकी प्रदेश

# दशौँ अधिवेशन

## (एक्काइसौं बैठक)

## कार्यवाहीको सम्पूर्ण विवरण

## मितिः- २०७९/०३/२४ गते शुक्रबार

प्रदेश सभा, गण्डकी प्रदेशको दशौं अधिवेशनको आजको बैठकको कार्यवाही माननीय सभामुख श्री नेत्रनाथ अधिकारीको अध्यक्षतामा बिहान ११ बजेर ३० मिनेटमा प्रारम्भ भयो।

**माननीय सभामुख**

माननीय सदस्यहरू, आजको वैठकको कारवाही प्रारम्भ हुन्छ । अनि माननीयज्यूहरुको के रह्यो त्यस्तो समस्या ? बस्न म अनुरोध गर्छु । माननीयज्यू अब के हो समस्या ? अब प्रमुख सचेतकले समस्या सदन समक्ष राख्न म अनुरोध गर्दछु ।

**माननीय मायानाथ अधिकारी**

सभामुख महोदय, हामी अहिले गण्डकी प्रदेश सभाको बजेट अधिवेशनमा छौं । बजेट अधिवेशनमा छलफल गर्ने क्रममा विनियोजन विधेयक टेवुल भएर हामी मन्त्रालयगत छलफलमा अगाडि बढ्न खोजिरहेका छौं । हिजो हामीले बजेट किताव, वार्षिक विकास कार्यक्रमको किताव प्राप्त गऱ्यौं । त्यो सबै वार्षिक विकास कार्यक्रम कितावलाई अध्ययन गरेर पढेर हेर्दाखेरी हामीले के पायौं भने, एउटा प्रमुख प्रतिपक्षमा रहेको हिसावले मात्रै होइन, सत्तापक्षका माननीयहरुले पनि जान्नु, ध्यान दिनु पर्ने कुरा, समग्र पत्रकार नागरिक समाजले पनि थाहा पाउने विषय, यो प्रमुख प्रतिपक्षको हिसाबले यो विषय नउठाउने हो भने हामीले पनि त्यो गल्ती कमजोरीलाई समर्थन गरेको ठहरिने भयो। जे जे कमि कमजोरी भएका छन्, जे जे ज्यादती भएका छन्, जे जे संविधान, कानुनको मर्यादाको

उल्लंघन भएका छन् तिनलाई समर्थन गरेको ठहरिने भएको हुनाले हामीले यो सदनमा प्रमुख प्रतिपक्षको हिसाबले विषय उठाउन लागेको कुरा म सभामुख समक्ष अनुरोध गर्न चाहन्छु । प्रमुख प्रतिपक्ष सदैव गण्डकी प्रदेशमा रचनात्मक सिर्जनात्मक रुपले लागिरहेको कुरा सभामुख मार्फत म अनुरोध गर्न चाहन्छु ।सदैव सहकार्य, समझदारीको बाटोलाई लिएर अगाडि बढिरहेको छ । हामीले लिएको सहकार्य, समझदारी र समन्वयको बाटोलाई सत्तापक्षले कमजोरी ठानेको छ, यिनीहरुलाई यसै गर्दिए भइहाल्छ भनेर कमजोरी ठानेको छ । हामीले देखाएको उदारतामा कमजोरी सोचेर उहाँहरुले त्यो भन्दा बढि दण्डी नाघेर मनमोजी ढंगले आफ्ना कामहरु गर्दै जानुभएको छ । यो कुरा जनताहरुको बीचमा सुसूचित नगर्ने हो भने प्रमुख प्रतिपक्ष भएको अर्थ पनि हुँदैन । म अनुरोध गर्न चाहन्छु सभामुख मार्फत, हामीले यही सदनमा ठूलो प्राथमिकताका बजेटहरु बाँड्नुको सट्टा टुक्रे बजेट बाँडियो १८ करोड, १६ करोड जस्ता टुक्रे बजेट बाँडियो, यो  ठिक भएन भनेर हामीले सदनमा आवाज उठायौं । त्यसले एउटा सहमतिका आधारमा संसदीय समितिका माननीय रामशरण बस्नेतको नेतृत्वमा संसदीय समिति बनायो, संसदीय समितिले धेरै नै मेहेनत गरेर प्रतिवेदन पनि पेश गऱ्यो। सुशासनको कुरा गर्ने गठवन्धन सरकार, भ्रष्टाचारलाई न्यूनिकरण गर्ने गठवन्धन सरकारले त्यो उहाँहरुले दिएको, विशेष समितिले दिएको प्रतिवेदनलाई एक अक्षर पनि जवाफदेहिता लिएन । एउटा पनि जवाफदेहिता लिएन, त्यसकारण चुँ पनि बोलेन, यो गजब छ, सभामुख महोदय । निर्लज्ज तरिकाले त्यो प्रतिवेदनलाई पेन्डिङ गर्ने मात्र काम गरियो, त्यसलाई कुनै कारवाहीको सिफारिस गरेको छैन समितिले, कुनै कारवाही गर्ने मतलव पनि राखेन त्यस्तो हुन्छ ? समिति सदनको गरिमा हुँदैन ? सदनको मर्यादा हुँदैन ? यत्रो सदनले  गरिमामय सदनले बनाएको विशेष समितिले दिएको प्रतिवेदनलाई एउटा केही जवाफ दिनु पर्दैन ? रेस्पोन्स गर्नु पर्दैन ? कुनै कारवाही गर्नुपर्दैन ? त्यसलाई लगेर टेबलभित्र राख्ने, काग कराईरहन्छ पिना सुकिरहन्छ भन्ने उद्देश्यले उहाँहरुले त्यसलाई सदनकै गरिमालाई अपमान गर्ने काम गर्नुभयो, पहिलो कुरा म यो भन्न चाहन्छु । त्यस्तै अहिले बजेट आयो, बजेटमा प्रमुख प्रतिपक्षलाई के पऱ्यो त्यो हामीलाई सरोकारको विषय होइन, तपाईंहरु आफै बाँडेर खानुहोस्, त्यसमा हाम्रो केही मतलव छैन । कति बजेट पार्नुभयो तपाईंहरु खुशी हुनुभएको होला । हामी तपाईंहरुको अगाडि हात जोडेर रुनु पर्ने केही अवस्था

पनि छैन । हामी जनतालाई भन्न चाहन्छौं, गठवन्धनले के गर्यो ? हामी जनताको बिचमा लान्छौं । तपाईंहरु बाँडेर लिनुहोस्।बीस दिनसम्म बाँड्ने कुरामै लाग्नुभयो, बीस दिन सम्म छलफल नै गर्नु भयो, बजेट मिलेन भन्नुभयो, झगडा गर्नुभयो, कसलाई कति पैसा पर्‍यो परेन भनेर झगडा गर्नुभयो र बाँडेर ल्याउनु भयो ।के गर्नुभयो बीस दिन सम्म, बीस दिनसम्म के गर्नुभयो जनताको लागि ? समाजको लागि के गर्नुभयो ? सदनको लागि के गर्नुभयो ? केही गर्नु भएको छैन, उहाँहरुले गरेको काम भनेको आफ्नै भागबण्डा झगडा परेको भागवण्डा काठमाण्डौं सम्म पुगेर, काठमाण्डौं पुगेर आएर भागवण्डा मिलाएर आउनु भयो । त्यसकारण त्यो भागवण्डा भन्दा अर्को कुरा होइन ।

सभामुख महोदय, बजेट जुन यो अहिले आइरहेको छ, यो बजेटको मूल्य मान्यता के हो? यसको कानुनी व्यवस्था के हो ? यसको संवैधानिक व्यवस्था केहो ? संवैधानिक कानुनी व्यवस्था अनुसार यो हुनु पर्छ कि पर्दैन ? पहिलो कुरा मध्यमकालिन खर्च संरचना त्यो आउनु पर्छ कि पर्दैन बजेट आउँदा ? मध्यमकालिन खर्च संरचनाको त्यो पुस्तक आउनु पर्छ कि पर्दैन ? मैले त्यो आएको पाएको छैन, आउनु पर्छ । प्रमुख प्रतिपक्षको तर्फबाट म भन्न चाहन्छु, मध्यमकालिन खर्च संरचना नआइकन बजेट छलफल कसरी अगाडि बढ्छ ? सरकारले हिजो के गरेको थियो, अहिले के गर्‍याछ, अहिले कसरी जान्छ र भोलि के गर्छ भन्ने प्रक्षेपणका कुरा मध्यमकालिन खर्च संरचनाको कुरा नआइकन कसरी त्यो अगाडि बढ्छ ? तीन बर्षे योजना जुन छ, ३ वर्षे प्रक्षेपण त आउनु पर्‍यो नि, सरकारको तीन बर्षीय प्रक्षेपण जुन गरेको छ, मध्यमकालिन खर्च संरचनामा त्यो आउनु पर्‍यो त्यो आएको छैन, त्यो आउनु पर्छ भन्ने छ । अर्को संविधान, कानुन, मूल्य, मान्यता विपरित यो बजेट आएको छ । संविधान, कानून, मूल्य, मान्यता विपरित बजेट आएको छ भन्दा प्रमुख प्रतिपक्षले त्यसै विरोध गर्‍यो भन्नुहोला तपाईं, सभामुख मार्फत भन्न चाहन्छु । राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले अहिले नेपालको संविधानको धारा २५१ मा राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग भन्ने व्यवस्था छ । राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले के गर्छ भने रकमको वाँडफाँड गर्छ, सङ्घलाई कति, प्रदेशलाईलाई कति, स्थानीय तहलाई कति भनेर रकमको बाँडफाँड गर्छ र त्यही रकम उस्ले गरेको प्रक्षेपण अनुसार रकमको बाँडफाँट हुन्छ र हामी बजेट बनाउँछौं । अहिले राष्टिय प्राकृतिक स्रोत तथा वित्त आयोगले जुन व्यवस्था गरे अनुसार स्रोत बाँडफाँट गरिएको छ

। त्यो स्रोत बाँडफाँट अनुसार हाम्रो प्रदेशमा कति आएको रहेछ भने ९ अरव २३ करोड ९२ लाख रहेछ संघबाट आएको रकम९ अरव २३ करोड ९२ लाख सङ्घबाट आयो त्यो वित्त आयोगकै प्रक्षेपणबाट होला आयो र प्रदेशले के भन्यो भने ५ अरव ९ करोड १६ लाख हामी राजश्व उठाउँछौ भन्यो, उठाउनु हुन्छ कि उठाउनुहुन्न अहिले त्यो बहस गर्नु परेन । उहाँले उठाउँछौं भन्नुभएको छ । हिजो ५ करोड भन्दा ३ करोड कि कति उठ्यो अहिले ५ करोड उठाउनुहुन्छ कि बढि नै उठाउनु हुन्छ, उहाँले उठाउछु भन्न पाइयो । ५ अरव ९ करोड १६ लाख उठाउँछु भन्नुभएको छ राजश्व  यी दुईवटा जोड्दा कति हुँदो रहेछ भने १४ अरव ३३ करोड ८ लाख हुँदो रहेछ । १४ अरव ३३ करोड ८ लाखमा राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले भने अनुसार के रहेछ भने आन्तरिक ऋण उठाउन पाउने १२ प्रतिशत, १२ प्रतिशत आन्तरिक ऋण उठाउन पाइने रहेछ । आन्तरिक ऋण उठाउन पाउँदा त तपाईंले कति उठाउन पाउनुहुन्छ भने तपाईं जम्मा १२ प्रतिशतमा २८ करोड ४ लाख  त्यहाँ पुग्दैन । १२ प्रतिशत ऋण लिएपछि  आन्तरिक ऋण लिएपछि २८ करोड ४ लाख रुपैयाँ अपुग हुन्छ र त्यो २८ करोड ४ लाख अपुग रुपैयाँ  कहाँबाट ल्याउने ? कुन  योजना काट्नु हुन्छ ? कुन योजना काट्नुहुन्छ ?  २८ करोड ४ लाख अपुग जुन छ, आन्तरिक ऋण लिंदाको, त्यो कहाँबाट ल्याउनुहुन्छ, कहाँबाट संवोधन गर्नुहुन्छ ?  राष्ट्रिय स्रोत तथा वित्त आयोगले १२ प्रतिशत अनुसार जुन भनेको छ, त्यो अनुसार त भएन । १ अरव ७१ करोड ९६ लाख समथिङ्ग तपाईंहरुले आन्तरिक ऋण लिन पाउनु हुन्छ । २ अरबको लागि त २८ करोड पुगेन, २८ करोड ४ लाख पुगेन २८ करोड ४ लाख कहाँबाट ल्याउनु हुन्छ ? त्यो त ग्यारेण्टी चाहियो नि, त्यो त भन्नुपर्‍यो नि अर्थमन्त्रीले कहाँबाट ल्याउनु हुन्छ ? कस्को योजना काटेर ल्याउनुहुन्छ ?  तपाईंलाई राष्ट्रिय स्रोत प्राकृतिक स्रोत तथा वित्त आयोगले त्यो  रकम त्यसरी बढी रकम के भन्छ ऋण, आन्तरिक ऋण  तोकिएको सीमा भन्दा बढी उठाउन पाउने भनेर भनेको छ ? त्यो अनुमति छ तपाईंलाई ? तपाईं गर्न पाउनु हुन्छ त्यसरी ?  त्यो संविधान सम्मत भयो कि भएन त्यो कुरा, संविधान सम्मत, संविधन विपरित गर्न पाइन्छ कि पाईंदैन ? त्यो जवाफ चाहियो नि हामीलाई, संविधान विपरित पाइन्छ भने कसरी पाइन्छ भन्नुपर्‍यो नभए संविधान विपरित गरेको कुरा सच्याउनु पर्‍यो, संविधान विपरित गरेको कुरा त सच्याउनुपर्‍यो दोस्रो कुरा यो । अर्को

कुरा म भन्न चाहन्छु, निर्वाचन क्षेत्र विकास, निर्वाचन क्षेत्र पूर्वाधार विकास कार्यक्रम पहिला आएको थियो, पहिलो वर्ष त हामीले लिएनौं, दोस्रो वर्ष देखि त नियमित आइरहेको छ । नियमित आइरहेको हकमा तपाईंको कार्यक्रममा छैन, नीति कार्यक्रममा पनि छैन, बजेटमा पनि छैन । हामीले बजारमा सुनेका छौं नीति कार्यक्रम बजेटमा नआए पनि हामी संबोधन गर्छौं । संबोधन गर्ने भएरै सहमति भयो रे, सत्तापक्ष बिच सहमति भयो निर्वाचन क्षेत्र पूर्वाधार विकास कार्यक्रम भन्ने सुनेको छु । के हो कुरा ? यो संबोधन हुने हो कि नहुने हो ? हुने हो भने कुन शीर्षकबाट हुने हो ? त्यहाँ त उल्लेख छैन, यो शीर्षकबाट गर्ने भनेर त उल्लेख छैन हुने हो भने हुने भने कुन शीर्षकबाट उल्लेख हुने हो ? नहुने हो भने नहुने के हो त एउटा प्रष्ट हुनुपर्यो नि, अर्थमन्त्रीलाई सुझाव दिनुपर्‍यो । यो जवाफ नदिइकन अगाडि बढ्न सक्दैन । अर्को कुरा म भन्न चाहन्छु, एउटा सेतो किताव प्राप्त भयो, तपाईंहरुको पालामा पनि आएको थियो सेतो किताव भन्नुहोला । हाम्रो पहिला एमालेको माननीय पृथ्वीसुव्वा गुरुङको नेतृत्वमा रहेको संयुक्त सरकारको पालामा एउटा सेतो किताब पछाडि आएको थियो। त्यो सेतो किताब कसरी आएको थियो भने आज एउटा पाना दिनुभयो माननीज्यूले यहाँ अर्थमन्त्रीले पठाएको भनेर आयो एउटा पाना छुटेछ छपाईमा छुटेछ भनेर आयो त्यस्तै छपाईमा छुटेर सिँचाईका योजनाहरु विशेषत कास्कीका योजनाहरु र नवलपुरको पनि हो कि, छपाईमा छुटेछ भनेर सेतो किताव आएको थियो । यो किताव के हो ? के को कुरा हो ? यो तपाईंहरुको सहमतिको दस्तावेज होइन यो ? गठवन्धनको सहमतिको दस्तावेजको कुरा होइन यो ? तपाईंहरुको २० दिनको झगडाको प्रमाण होइन यो ? २० दिनको झगडामा प्रमाणित गर्‍या कुरा होइन यो ? तपाईंहरुको बाँडफाँट होइन यो ? कहाँबाट यसलाई संबोधन गर्नुहुन्छ ? लगभग २७ करोड पैसा यो कुन शीर्षकबाट संबोधन गर्नुहुन्छ ? यो २७ करोड पैसा कहाँबाट सम्बोधन गर्नु हुन्छ ? यो तपाईंहरुले मुल्य मान्यता अनुसार गर्नुभएको छ ? संविधान कानुन अनुसार गर्नुभएको छ ? यसको जवाफ हामीलाई दैन ? प्रमुख विपक्ष तपाईंहरुले जे गर्नुहुन्छ हामी टुलुटुल हेरे बस्ने ? जे गर्नुहुन्छ चुप लागेर बस्ने ? यो कुरा हुन सक्दैन । त्यसकारण सभामुख महोदय, यो सेतो कितावको जवाफ चाहिन्छ । यो कहाँबाट आयो ? यो संविधान संम्मत छ ? यहाँ रातो कितावको वार्षिक विकास कार्यक्रम आइसकेपछि यो सेता कितावका योजनाहरु कहाँबाट आएका छन् ?

पाउनु हुन्छ कि यसरी पाउनु हुन्न ? तपाईंहरुले जे गर्न नि पाउनुहुन्छ ? तपाईंहरुले संविधान कानुन मान्नु पर्दैन ? हो, यी कुराहरुको जवाफ चाहिन्छ, यो कुराको जवाफ, प्रष्ट जवाफ ग्यारेण्टी प्रमुख प्रतिपक्षले नपाएसम्म सदन अगाडि बढ्दैन सभामुख महोदय, हामी सदन अगाडि बढ्ने कुरामा हाम्रो सहमति हुँदैन, सदन अवरुद्ध रहेको कुरा म जानकारी गराउँछु।

**माननीय सभामुख**

माननीय सदस्यहरु, अब तपाईंहरुको जे माग गर्नुभएको छ, अर्थमन्त्रीले यसको बारेमा जानकारी दिन पनि त सदन खोल्नु पर्ने होला नि ? जे प्रश्न उठाउनुभएको छ सदनमा, त्यो अर्थमन्त्रीले जानकारी प्राप्त तपाईंहरुलाई दिनको लागि जे जे प्रश्न छन् त्यसको बारेमा जवाफ दिनको लागि  यो सदन नखोलिकन उहाँले कसरी जवाफ पो कसरी दिनु हुन्छ ? त्यसकारण, माननीय सदस्यहरु, अब यो प्रक्रियागत हिसाबले अगाडि बढाउनको लागि माननीय सदस्यहरु बसेर यो सदन सुचारु गर्नको लागि म अनुरोध गर्दछु ।

माननीय सदस्यहरु, अब हजुर नबस्ने हो भने प्रतिपक्ष नबस्दाखेरी अर्थमन्त्रीले जे जवाफ खोज्नुभएको छ त्यो कहाँबाट दिनुहुन्छ ? त्यसकारण मैले फेरि पनि भनें तपाईंहरु बसेर अर्थमन्त्रीलाई त्यो जवाफ दिने वातावरण बनाईदिन र सदन सुचारु गर्नको लागि  म अनुरोध गर्दछु ।

माननीय सदस्यहरु, मैले फेरी पनि अनुरोध गरें, अझ त्यहिमाथि पनि केही थप भन्नु छ कुरा राखेर पनि एकजना माननीयले अब यो पहिला सुचारु गरौं, जवाफ  खोजौं, अब अर्थमन्त्रीले जवाफ  दिनुहुन्छ, म रुलिङ्ग गर्छु, त्यसपछि अब यो सदनलाई त्यो ढंगले चलाउनु पर्‍यो नि त, त्यसकारण बसेर  सहयोग गरिदिन म माननीयहरुलाई विशेष अनुरोध गर्दछु ।

माननीय सदस्यहरु, प्रतिपक्ष दलका माननीय सदस्यज्यूहरुको अवरोध कायम रहेको र अवरोधका बीच सभाको कामकारवाही गर्न अगाडि बढ्न नसक्ने हुँदा यो वैठक १२ बजेसम्मको लागि स्थगित हुन्छ ।